त्रिभुवन विश्वविद्यालय

## कानून संकाय, डीनको कार्यालय,

बल्खु, काठमाण्डौ

**१० सिमेष्टर (५ वर्षे) स्नातक (B.A. LL.B.) तह शैक्षिक सत्र ०८३/०८४ प्रथम सिमेष्टरमा नयाँ विद्यार्थी भर्नाका लागि लिइने प्रवेश परीक्षा फारम अनलाइन मार्फत भर्ने सम्बन्धी सूचना !**

त्रिभुवन विश्वविद्यालय, कानून संकाय, डीनको कार्यालय अन्तर्गत सञ्चालित सिमेष्टर प्रणालीमा १० सेमेष्टर (५ वर्षे) बी.ए.एलएल.बी. शैक्षिक कार्यक्रमको प्रथम सेमेष्टरमा नयाँ विद्यार्थीहरु भर्ना हुनका लागी त्रि.वि.को आङ्गिक क्याम्पसहरु मध्ये **नेपाल ल क्याम्पस, प्रदर्शनीमार्ग, काठमाण्डौमा १६० सिट, पृथ्वीनारायण क्याम्पस, पोखरा ८० सिट, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज ७० सिट, बुटवल बहुमुखी क्याम्पस, बुटवल ७० सिट, महेन्द्र बहुमुखी क्याम्पस, धरान ७० सिट तथा सम्बन्धन प्राप्त नेशनल ल कलेज १२० सिट** गरी जम्मा **५७० (पाँच सय सत्तरी)** सिटहरुका लागि **शैक्षिक सत्र २०८३।०८४ मा** नयाँ विद्यार्थीहरु भर्नाका लागि लिइने प्रवेश परीक्षामा आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका परीक्षार्थीहरुका लागि **प्रवेश परीक्षा संचालन समिति (बी.ए.एलएल.बी.) बैठकबाट भएको निर्णय अनुसार** प्रवेश परीक्षाको Online आवेदन फारम भर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवेदकले Online Application मा आवेदन फारमभर्दा तोकिएको ढाँचामा अनिवार्य रुपमा Online आवेदन फारम साथ आफ्नो शैक्षिक योग्यताको लब्धाङ्क पत्र, नागरिकताको प्रमाण पत्र, समकक्षता निर्धारणको प्रमाण-पत्र (Equivalance Certificate) र हालसालै खिचेको दुबै कान स्पष्ट देखिने पासपोर्ट साइजको फोटो र आवेदकको हस्ताक्षरको नमुना सादा कागजमा Scanning गरी upload गर्नुपर्नेछ । साथै आरक्षण कोटा अन्तर्गत आवेदन दिन चाहने आवेदकहरुले सम्बन्धित कोटा दावीका लागि आवश्यक पर्ने कागजात हरु वा सिफारीस पत्रहरु समेत संलग्न गर्नुपर्नेछ ।

| | | |
|---|---|---|
| १) | **आवश्यक न्यूनतम शैक्षिक योग्यता:** | • प्रवेश परीक्षा फारम भर्ने अन्तिम मिति सम्ममा +२ वा सो सरहको परीक्षा उतीर्ण भएका विद्यार्थीहरुले Transcript र कक्षा ११ उतीर्ण भई कक्षा १२ को परीक्षा दिइ बसेका परीक्षार्थीहरुले समेत कक्षा १२ को प्रवेश पत्र अनलाईन अपलोड गरी आवेदन फारमभर्न सक्नेछन् ।<br>• कक्षा १२ को परीक्षा दिइ बसेका परीक्षार्थीहरुले कक्षा १२ को नतीजा प्रकाशित हुदा न्यूनत्तम ग्रेड डी (D) सहित उतीर्ण हुन नसकेमा त्यस्ता परीक्षार्थी आवेदकहरुले प्रवेश परीक्षा उतीर्ण गरेतापनि निजहरु भर्ना हुन योग्य मानिने छैन र त्यस्ता परीक्षार्थीहरु परीक्षा शुल्क फिर्ता हुने छैन ।<br>**द्रष्टव्य:** नेपाल कानून व्यवसायी परीषद (कानूनी शिक्षा) नियमावली,२०७७ को नियम ४ को उपनियम ३ बमोजिम बी.ए.एलएल.बी.को कार्यक्रममा प्रवेशको लागी योग्य हुन शैक्षिक संस्थाले तोकेको सम्बन्धित विद्याको कम्तिमा पचास प्रतिशत अंक वा C+ ग्रेड ल्याई माध्यमिक तह उतीर्ण गरेको हुनु पर्नेछ । |
| २) | **आवेदन फारमर प्रवेश परीक्षा शुल्क:** | प्रवेश **परीक्षा शुल्क रु.१८००/- (अक्षेरेपी: एक हजार आठ सय मात्र)** तोकिएको छ । सो रकम आवेदन भर्ने स्थानमा रहेको E-Sewa वा Khalti वा Connect IPS को माध्यमबाट जम्मा गर्न सकिनेछ । रकम दाखिला गर्दा आवेदक स्वयम्को पुरा नाम र मोबाइल नम्बर अनिवार्य लेखिएको हुनु पर्ने छ । एकै मोबाइल नम्बरमा एक भन्दा बढी आवेदकको नाममा रकम जम्मा गर्न पाइने छैन । |

| | | |
|---|---|---|
| ३) | आवेदन फारमउपलब्ध हुने स्थान: | Online आवेदन फारमत्रि.वि.कानून संकाय,डीन कार्यालयको वेभसाइट www.fol.edu.np वा fol.tu.edu.np मा उपलब्ध हुनेछ । |
| ४) | फारम रुजू भए नभएको एकिन गर्न | www.fol.edu.np वा fol.tu.edu.np को Check your status मा हेर्न सकिनेछ । |
| ५) | आवेदन फारम भर्ने अवधि:: | **मिति २०८३ साल आषाढ ०५ गते शुक्रबार देखि २०८३ आषाढ ३२ गते विहिवार राती १२:०० बजे सम्म र दोब्बर दस्तुर तिरी २०८३ श्रावण ७ विहिवार राती १२:०० बजे सम्म ।** |
| ६) | प्रवेश पत्र प्राप्त गर्न सकिने: | **मिति २०८३ साल श्रावण १५ गते शुक्रबार ५:०० बजे देखि त्रि.वि.कानून संकाय, डीनको कार्यालयको वेवसाइट** www.fol.edu.np मार्फत Check your status मा गई Download गरि प्राप्त गर्न सकिनेछ । |
| ७) | प्रवेश परीक्षा हुने मिति : | **मिति २०८३ साल श्रावण २३ गते शनिवार ।** |
| ८) | प्रवेश परीक्षा हुने समय र परीक्षा केन्द्र | **पछि प्रकाशित गरिनेछ ।** |

९) प्रवेश परीक्षामा कूल पूर्णाङ्क १०० को अंकभार देहाय बमोजिम रहनेछ :

| S.N. | Nature of Questions | Marks allocated | Time | Remarks |
|---|---|---|---|---|
| 1. | Objective Questions | 30 X 1= 30 | 30 min. | MCQs |
| 2. | Subjective Questions:<br>a. Long answer question<br>b. Short answer questions | <br>1 X 20 = 20<br>3 X 10 = 30 | 2 hrs 30 min | |
| 3. | Creative Writing (Approximately 300 words) | 20 | | |

१०) प्रवेश परीक्षामा तपसिल बमोजिमका विषयवस्तु मध्येबाट प्रश्न सोधिने छ ।

| S. N. | Contents |
|---|---|
| 1. | Introduction to Law and Kinds of Law |
| 2. | Importance and Role of Law in a Society |
| 3. | Sources of Law |
| 4. | General Introduction to Rights and Duties |
| 5. | Person: Kinds of Person (Legal and Natural Person) |
| 6. | General Introduction to Constitution |
| 7. | Fundamental Rights under the Constitution of Nepal |

**११) आवेदन फारम भर्दा निम्न लिखित कागजपत्रहरु क्रमबद्ध रुपमा राखि Online application सँगै अनिवार्य रुपमा upload गर्नु पर्नेछ :**

क) हालसालै खिचेको पासपोर्ट साइजको फोटो १( एक) प्रति

त्रिभुवन विश्वविद्यालय कानून संकाय डीनको कार्यालय

ख) आवेदकको नागरिकताको प्रमाणपत्र, सो नभएमा निजको आमा वा बुबाको नागरिकताको प्रमाणपत्र

ग) SEE/SLC वा सो सरहको परीक्षाको उर्तीण भएको लब्धाङ्क पत्र (Mark Sheet)

घ) कक्षा ११ उत्तिर्ण गरेको लब्धाँक पत्र, कक्षा १२ उत्तिर्ण गरेको लब्धाँक पत्र वा यसै बर्षमा कक्षा १२ को परीक्षामा सहभागी भएको भए सो को प्रवेश पत्र ।

ङ) समकक्षता निर्धारणको प्रमाणपत्र (Equivalence Certificate) (विदेशी विश्वविद्यालयबाट अध्ययन गरेको भएमा)

च) कोटाहरुमा आवेदन दिन चाहेमा सम्बन्धित कोटाहरुको लागि तोकिएको सम्पूर्ण कागजातहरु

छ) विद्यार्थी स्वयंले कालो मसीले सादा कागजमा गरेको हस्ताक्षर

ज) विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरुबाट +2 वा सो सरह उतीर्ण परीक्षार्थीहरुले त्रि.वि.को **समकक्षता** प्रमाण-पत्र (Equivalence Certificate) फारमभर्दा अनलाईन मार्फत अपलोड गर्नु पर्नेछ ।

झ) आवेदन फारमअपलोड गरेका शैक्षिक योग्यताको प्रमाण पत्रहरु सहित समकक्षता प्रमाण पत्रको प्रतिलिपीहरु र सक्कल **माइग्रेसन प्रमाण-पत्र** सम्बन्धित क्याम्पसमा भर्ना हुदाका बखत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१२) त्रि.वि.संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० (२०८०।०३।१२ सम्मको संशोधन सहित) को परिच्छेद-४ नियम ११क. र त्रि.वि.सिमेष्टर प्रणाली संचालन विनियम २०७४ को परिच्छेद २ विनियम ३(ग) बमोजिम त्रिभुवन विश्वविद्यालयले निर्धारित गरेको संख्यामा विद्यार्थीहरू भर्ना गर्दा प्रत्येक शैक्षिक कार्यक्रम अन्तर्गतका विषयमा जम्मा सिट संख्याको २० प्रतिशत निम्नलिखित वर्गहरुका लागि छुट्याईएका निम्नलिखित सिट संख्यामा सम्बन्धित वर्गका परीक्षार्थीहरू बिचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रम अनुसार भर्ना लिनु पर्ने व्यवस्था अनुसार निम्न बमोजिमको आरक्षित कोटा २० प्रतिशतलाई शत् प्रतिशत मानि निम्न बमोजिम कोटा निर्धारण गरिएको छ । तर वर्गीकृत समूहमा भर्नाका लागि न्यूनतम ४० (चालिस) अंक प्राप्त गरेका योग्य उम्मेदवार नभएमा योग्यताक्रममा रहेका (खुला तर्फका) अन्य विद्यार्थी भर्ना लिनु पर्नेछ ।

दलित समुदायका महिला र मुस्लीम समुदायका महिलाका लागि आरक्षित स्थानमा सम्बन्धित समुदायका व्यक्तिहरु उपलपब्ध नभएमा यस्तो स्थान अन्य महिलालाई र मधेशी दलित समुदायकालागि आरक्षित स्थानमा सम्बन्धित समुदायका व्यक्तिहरु उपलब्ध नभएमा त्यस्तो स्थान मधेशी समुदायका अन्य व्यक्तिहरुलाई प्रदान गरिनेछ

| विपन्न समुदाय | आरक्षित सिट संख्याको प्रतिशत | १६० सिटका लागि आरक्षित संख्या ३२ | ८० सिटका लागि आरक्षित संख्या १६ | ७० सिटका लागि आरक्षित संख्या १४ | १२० सिटका लागि आरक्षित संख्या २४ |
|---|---|---|---|---|---|
| **क) महिला** | २० प्रतिशत | ४ | १ | १ | ३ |
| अ) दलित महिला | | १ | १ | १ | १ |
| आ) मुस्लिम महिला | | १ | १ | १ | १ |
| **ख) आदिवासी/जनजाति** | १६ प्रतिशत | ५ | २ | २ | ४ |
| **ग) मधेशी** | १४ प्रतिशत | ३ | १ | १ | ३ |
| अ) मधेशी दलित | | १ | १ | १ | १ |
| **घ) दलित** | ९ प्रतिशत | ३ | २ | १ | २ |
| **ङ) अपाङ्गता भएका व्यक्ति** | ९ प्रतिशत | २ | १ | १ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| च) पिछडिएको दुर्गम क्षेत्र | ७ प्रतिशत | ३ | २ | १ | २ |
| छ) मुस्लिम | ७ प्रतिशत | २ | १ | १ | १ |
| ज) थारु | १० प्रतिशत | ४ | २ | २ | २ |
| झ) अन्य (लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रूपले विपन्न खस आर्य) | ८ प्रतिशत | ३ | १ | १ | २ |
| जम्मा आरक्षित सिट | | ३२ | १६ | १४ | २४ |
| त्रि.वि. मा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीको छोरा/छोरी | | २ | २ | २ | २ |

**स्पष्टिकरण १ : परिभाषा**

- **"अन्य"** भन्नाले अल्पसंख्यक, सिमान्तकृत, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्यलाई जनाउँछ ।
- **"विपन्न खस आर्य"** भन्नाले सम्बन्धित जिल्ला प्रशासन कार्यालयले विपन्न खस आर्य हो भनि सिफारिस वा प्रमाणित गरेको विपन्न खस आर्यलाई जनाउँछ ।
- **"खस आर्य"** भन्नाले क्षेत्री, ब्राम्हण, ठकुरी, सन्यासी (दसनामी) समुदायलाई जनाउँछ ।
- **"पिछडिएको दुर्गम क्षेत्र"** भन्नाले मुगु, हुम्ला, जुम्ला, कालीकोट, डोल्पा, अछाम, बझाङ्ग, बाजुरा र जाजरकोट जिल्लालाई जनाउँछ ।

**स्पष्टीकरण २ : विपन्न वर्गका विद्यार्थीले आरक्षणमा भर्ना पाउने प्राथमिकता क्रम**

- आदिवासी/जनजाति विद्यार्थीका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको वर्गीकरण अनुरुप प्राथमिकता क्रमको टप टु बटम (Top to Bottom) को आधारमा ।
- मधेशीको हकमा पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ को अनुसुचीको वर्गिकरणमा परेका विद्यार्थीहरुलाई अन्य मधेसी भन्दा पहिलो प्राथमिकताका आधारमा ।
- अपाङ्गता भएका विद्यार्थी मध्ये छनौट गर्नु पर्दा निलो, पहेलो र सेतो परिचय पत्र अनुसार प्राथमिकताका आधारमा ।
- "अन्य"को हकमा अल्पसंख्यक, सिमान्तकृत, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्यको उत्कृष्ट अंक ल्याउनेलाई योग्यताक्रमका आधारमा भर्ना गर्नु पर्नेछ ।

**स्पष्टीकरण ३ :**

- त्रि.वि.शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम,२०५० को नियम ११९ को उपनियम ३ बमोजिम विश्वविद्यालय सेवामा कार्यरत स्थायी शिक्षक, कर्मचारीका छोराछोरीलाई अध्ययन संस्थान र संकाय अन्तर्गत आंगिक क्याम्पसमा अध्ययन गर्न स्नातक तहका प्रत्येक शैक्षिक कार्यक्रममा भर्नाको लागि दुईवटा सिटको व्यवस्था गर्नुपर्ने आधारमा ।
- त्रिभुवन विश्वविद्यालय सेवामा कार्यरत स्थायी शिक्षक, कर्मचारीका छोराछोरीहरुलाई अध्ययन संस्थान र संकाय अन्तर्गत आंगिक क्याम्पसमा अध्ययन गर्न स्नातक तहका प्रत्येक शैक्षिक कार्यक्रममा भर्नाको लागि सुरक्षीत दुई

स्थानलाई ८०% भित्र रहेको मानिने छ । तर वर्गीकृत समूहमा भर्नाका लागि न्यूनतम ४०% अंक प्राप्त गरेका योग्य उम्मेदवार नभएमा योग्यताक्रममा रहेका अन्य विद्यार्थीहरुबाट भर्ना लिनु पर्नेछ ।

१३) **आरक्षण दावी गर्ने सबै समुहका विपन्न वर्गका उम्मेदवारले निम्न लिखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ :**

त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५०, सिमेष्टर प्रणाली सञ्चालन विनियम, २०७४ र त्रि.वि. अन्तर्गतका आङ्गिक क्याम्पसमा आरक्षण सम्बन्धी सिटमा भर्ना गर्ने सम्बन्धि विनियम, २०७४ बमोजिम आरक्षण दावी गर्ने विपन्न वर्गका परीक्षार्थीहरुले निम्न बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ । सो बमोजिमका कागजात आवेदन फारामका साथ पेश नगर्ने परीक्षार्थीको आरक्षण कोटामा दावी लाग्ने छैन ।

**अ) आरक्षण दावी गर्ने अपाङ्ग बाहेकका सबै समुहका विपन्न वर्गका उम्मेदवारले स्थानिय निकायबाट बिपन्नको कारण खुलाइएको सिफारीस पत्र कक्षा ८,९ र एस.एल.सी/एस.ई.ई कक्षा ११ र १२ सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरेको भन्ने सम्बन्धित जिल्ला शिक्षा समन्वय इकाई वा सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारीस पत्र ।**

**आ) नेपाल सरकारको छात्रवृत्ति प्राप्त गरी नेपाल भित्रका निजी स्कूल तथा कलेजमा कक्षा ८,९, एस.एल.सी/एस.ई.ई., कक्षा ११ र १२ सम्म वा सो सरह पास गरेको प्रमाण सहितको सिफारिसपत्रका साथै निम्न बमोजिमको सिफारिस-पत्र ।**

**इ) पिछडिएको दुर्गम क्षेत्रको आरक्षण कोटा दावि गर्ने आवेदकले कक्षा ८,९, १०, ११ र १२ मा सरकारी/सामुदायीक विद्यालय अध्ययन गरेको भन्ने सम्बन्धित जिल्ला शिक्षा समन्वय एकाई वा स्थानीय निकायको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।**

**ई) उपरोक्त उल्लेख गरिएका बाहेक आरक्षित कोटामा आवेदन दिने आवेदकहरुले निम्न बमोजिमको निकायहरुबाट सिफारिस-पत्र upload गर्नु पर्नेछ ।**

| क्र.सं. | कोटा | निकाय |
|---|---|---|
| क | अपाङ्ग | राष्ट्रिय अपाङ्ग महासंघ/सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानिय निकायले दिएको बर्ग खुलेको सिफारीस पत्र/कार्ड । |
| ख | आदिबासी/जनजाती | आदिबासी/जनजाती उत्थान राष्ट्रिय प्रतिस्थान/सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| ग | दलित | राष्ट्रिय दलित आयोग/सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| घ | पिछडिएको दुर्गम क्षेत्र | सम्बन्धित गाउँपालिका/नगरपालिकाबाट प्राप्त सिफारिसपत्र । |
| ङ | मधेसी/पिछडिएको समुदायका मधेसी | सम्बन्धित जिल्ला प्रशासन कार्यालय/पिछडिएको समुदाय हो भन्ने जिल्ला समन्वय समितिको सिफारीस पत्र |
| च | मुश्लीम | सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| छ | विपन्न खस आर्य | सम्बन्धित जिल्ला प्रशासन कार्यालय |

| | | |
|---|---|---|
| ज | अन्य अन्तर्गतका अल्पसंख्यक, सिमान्तकृत, पिछडा वर्ग, लैङ्गिक यौनिक तथा अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्य | सम्बन्धित जिल्ला प्रशासन कार्यालय (लैङ्गिक यौनिक तथा अल्पसंख्यकको हकमा सम्बन्धित आवेदकले पेश गरेको परिचय-पत्रको आधारमा) |
| झ | शिक्षक/कर्मचारी | शिक्षक/कर्मचारी कोटामा दावी गर्ने परिक्षार्थीले त्रि.वि.को स्थायी सेवामा कार्यरत सम्बन्धित शिक्षक/कर्मचारीको छोराछोरी हो भन्ने प्रमाणित हुने गरी सम्बन्धित कार्यालयले गरिदिएको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ |

| आरक्षीत कोटाका लागि | पेश गर्नु पर्ने कागजातहरु |
|---|---|
| क) महिला | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• कक्षा ८,९, १०, ११ र १२ मा सरकारी/सामुदायीक विद्यालय अध्ययन गरेको भन्ने सम्बन्धित जिल्ला शिक्षा समन्वय एकाई वा स्थानीय निकायको सिफारिस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाण पत्र, सो नभएमा निजको आमा वा बुबाको नागरिकताको प्रमाणपत्र<br>• एस.एल.सी. को certificates हरुको स्क्यान प्रति ।<br>• कक्षा ११ को Marks Sheet, कक्षा १२ को Transcript वा यसै बर्ष कक्षा १२ को परीक्षा दिएको भए प्रवेश पत्र ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| अ) दलित महिला | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• दलित बर्गको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८,९, १०, ११ र १२ मा सरकारी/सामुदायीक विद्यालय अध्ययन गरेको भन्ने सम्बन्धित जिल्ला शिक्षा समन्वय एकाई वा स्थानीय निकायको सिफारिस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाणपत्र, सो नभएमा निजको आमा वा बुबाको नागरिकताको प्रमाणपत्र<br>• एस.एल.सी. को certificates हरुको स्क्यान प्रति ।<br>• कक्षा ११ को Marks Sheet, कक्षा १२ को Transcript वा यसै बर्ष कक्षा १२ को परीक्षा दिएको भए प्रवेश पत्र ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| आ) मुस्लिम महिला | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• मुस्लिम बर्गको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८,९, १०, ११ र १२ मा सरकारी/सामुदायीक विद्यालय अध्ययन गरेको भन्ने सम्बन्धित जिल्ला शिक्षा समन्वय एकाई वा स्थानीय निकायको सिफारिस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाणपत्र, सो नभएमा निजको आमा वा बुबाको नागरिकताको प्रमाणपत्र |

त्रिभुवन विश्वविद्यालय
कानून संकाय
डीनको कार्यालय

| | |
|---|---|
| | • एस.एल.सी.को certificates हरुको स्क्यान प्रति ।<br>• कक्षा ११ को Marks Sheet, कक्षा १२ को Transcript वा यसै बर्ष कक्षा १२ को परीक्षा दिएको भए प्रवेश पत्र ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| ख) आदिवासी/जनजाति | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• आदिवासी/जनजाति बर्गको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८,९, १०, ११ र १२ मा सरकारी/सामुदायीक विद्यालय अध्ययन गरेको भन्ने सम्बन्धित जिल्ला शिक्षा समन्वय एकाई वा स्थानीय निकायको सिफारिस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाणपत्र, सो नभएमा निजको आमा वा बुबाको नागरिकताको प्रमाणपत्र<br>• एस.एल.सी. को certificates हरुको स्क्यान प्रति ।<br>• कक्षा ११ को Marks Sheet, कक्षा १२ को Transcript वा यसै बर्ष कक्षा १२ को परीक्षा दिएको भए प्रवेश पत्र ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| ग) मधेशी | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• मधेशी बर्गको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८,९, १०, ११ र १२ मा सरकारी/सामुदायीक विद्यालय अध्ययन गरेको भन्ने सम्बन्धित जिल्ला शिक्षा समन्वय एकाई वा स्थानीय निकायको सिफारिस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाणपत्र, सो नभएमा निजको आमा वा बुबाको नागरिकताको प्रमाणपत्र<br>• एस.एल.सी.को certificates हरुको स्क्यान प्रति ।<br>• कक्षा ११ को Marks Sheet, कक्षा १२ को Transcript वा यसै बर्ष कक्षा १२ को परीक्षा दिएको भए प्रवेश पत्र ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| अ) मधेशी दलित | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• मधेशी दलित बर्गको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८,९, १०, ११ र १२ मा सरकारी/सामुदायीक विद्यालय अध्ययन गरेको भन्ने सम्बन्धित जिल्ला शिक्षा समन्वय एकाई वा स्थानीय निकायको सिफारिस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाणपत्र, सो नभएमा निजको आमा वा बुबाको नागरिकताको प्रमाणपत्र<br>• एस.एल.सी. को certificates हरुको स्क्यान प्रति ।<br>• कक्षा ११ को Marks Sheet, कक्षा १२ को Transcript वा यसै बर्ष कक्षा १२ को परीक्षा दिएको भए प्रवेश पत्र ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| घ) दलित | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र । |

| | |
|---|---|
| | • दलित बर्गको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८,९, १०, ११ र १२ मा सरकारी/सामुदायीक विद्यालय अध्ययन गरेको भन्ने सम्बन्धित जिल्ला शिक्षा समन्वय एकाई वा स्थानीय निकायको सिफारिस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाण पत्र, सो नभएमा निजको आमा वा बुबाको नागरिकताको प्रमाणपत्र<br>• एस.एल.सी.को certificates हरुको स्क्यान प्रति ।<br>• कक्षा ११ को Marks Sheet, कक्षा १२ को Transcript वा यसै बर्ष कक्षा १२ को परीक्षा दिएको भए प्रवेश पत्र ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| **ङ) अपाङ्गता भएको व्यक्ति** | • स्थानीय निकायबाट जारी भएको वर्ग खुलेको प्रमाण पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाणपत्र, सो नभएमा निजको आमा वा बुबाको नागरिकताको प्रमाणपत्र<br>• एस.एल.सी.को certificates हरुको स्क्यान प्रति ।<br>• कक्षा ११ को Marks Sheet, कक्षा १२ को Transcript वा यसै बर्ष कक्षा १२ को परीक्षा दिएको भए प्रवेश पत्र ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| **च) पिछडिएको दुर्गम क्षेत्र** | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• पिछडीएको दुर्गम क्षेत्रमा स्थायी बसोबास रहेको ब्यक्ति भन्ने स्थानिय निकायको सिफारीस पत्र ।<br>• कक्षा ८,९, १०, ११ र १२ मा सरकारी/सामुदायीक विद्यालय अध्ययन गरेको भन्ने सम्बन्धित जिल्ला शिक्षा समन्वय एकाई वा स्थानीय निकायको सिफारिस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाणपत्र, सो नभएमा निजको आमा वा बुबाको नागरिकताको प्रमाणपत्र<br>• एस.एल.सी.को certificates हरुको स्क्यान प्रति ।<br>• कक्षा ११ को Marks Sheet, कक्षा १२ को Transcript वा यसै बर्ष कक्षा १२ को परीक्षा दिएको भए प्रवेश पत्र ।<br>• सम्बन्धित ब्यक्तिको हस्ताक्षको स्क्यान प्रति ।<br>• सम्बन्धित ब्यक्तिको फोटो । |
| **छ) मुस्लिम** | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• मुस्लिम समुहको ब्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८,९, १०, ११ र १२ मा सरकारी/सामुदायीक विद्यालय अध्ययन गरेको भन्ने सम्बन्धित जिल्ला शिक्षा समन्वय एकाई वा स्थानीय निकायको सिफारिस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाणपत्र, सो नभएमा निजको आमा वा बुबाको नागरिकताको प्रमाणपत्र<br>• एस.एल.सी.को certificates हरुको स्क्यान प्रति ।<br>• कक्षा ११ को Marks Sheet, कक्षा १२ को Transcript वा यसै बर्ष कक्षा १२ को परीक्षा दिएको भए प्रवेश पत्र ।<br>• सम्बन्धित ब्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित ब्यक्तिको हालसालै खिचिएको फोटो । |

| | |
|---|---|
| ज) थारु | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• थारु समुहको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८,९, १०, ११ र १२ मा सरकारी/सामुदायीक विद्यालय अध्ययन गरेको भन्ने सम्बन्धित जिल्ला शिक्षा समन्वय एकाई वा स्थानीय निकायको सिफारिस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाणपत्र, सो नभएमा निजको आमा वा बुबाको नागरिकताको प्रमाणपत्र<br>• एस.एल.सी.को certificates हरुको स्क्यान प्रति ।<br>• कक्षा ११ को Marks Sheet, कक्षा १२ को Transcript वा यसै बर्ष कक्षा १२ को परीक्षा दिएको भए प्रवेश पत्र ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| झ) अन्य (लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रूपले विपन्न खस आर्य) | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• अन्य (लैंगिकक तथा यौनिक अल्पसंख्यक र आर्थिक रूपले विपन्न खस आर्य) व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८,९, १०, ११ र १२ मा सरकारी/सामुदायीक विद्यालय अध्ययन गरेको भन्ने सम्बन्धित जिल्ला शिक्षा समन्वय एकाई वा स्थानीय निकायको सिफारिस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाणपत्र, सो नभएमा निजको आमा वा बुबाको नागरिकताको प्रमाणपत्र<br>• एस.एल.सी. को certificates हरुको स्क्यान प्रति ।<br>• कक्षा ११ को Marks Sheet, कक्षा १२ को Transcript वा यसै बर्ष कक्षा १२ को परीक्षा दिएको भए प्रवेश पत्र ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| त्रि.वि.को स्थायी शिक्षक/कर्मचारीको छोरा/छोरी | • आवेदकको नागरिकताको प्रमाण पत्र, सो नभएमा निजको आमा वा बुबाको नागरिकताको प्रमाणपत्र<br>• एस.एल.सी. को certificates हरुको स्क्यान प्रति ।<br>• कक्षा ११ को Marks Sheet, कक्षा १२ को Transcript वा यसै बर्ष कक्षा १२ को परीक्षा दिएको भए प्रवेश पत्र ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो ।<br>• त्रि.वि.को स्थायी सेवामा कार्यरत सम्बन्धित शिक्षक/कर्मचारीको छोराछोरी हो भन्ने प्रमाणित हुने गरी सम्बन्धित कार्यालयले गरिदिएको सिफारिस पत्र । |

उ) आरक्षण दावी गर्ने उम्मेदवारले भर्ना हुनका लागि प्रवेश परीक्षामा कम्तिमा ४०% अंक प्राप्त गरेको हुनुपर्नेछ ।

ऊ) आरक्षण प्राप्त गर्ने विद्यार्थीले त्रिभुवन विश्वविद्यालयका अन्य कुनै पनि आङ्गिक क्याम्पसका एकै समयमा कुनै पनि तह र कुनै पनि विषयमा आरक्षणमा भर्ना नगरेको हुनु पर्नेछ । साथै कुनै विद्यार्थीले अन्य विषयमा स्नातक तहमा आरक्षण प्राप्त गरी सो तह अध्ययन गरेको भए आरक्षण सुविधा प्राप्त गर्ने छैन ।

ए) आरक्षण सुविधा प्राप्त गर्ने विद्यार्थीले झुठो विवरण पेश गरी आरक्षण सुविधा लिई भर्ना भएको प्रमाणित भएमा त्यस्तो भर्ना जुनसुकै वखत रद्द गरी कानून बमोजिम कारवाही हुनेछ ।

ऐ) आरक्षणमा भर्ना हुने विद्यार्थीले खुल्ला तर्फका विद्यार्थीले भर्ना हुन लाग्ने सरहको सबै शुल्क तिर्नु पर्नेछ ।

१४) विदेशी विद्यार्थी सामेल भई योग्यता क्रममा परेमा खुल्ला तर्फको निर्धारण गरेको सिट संख्या मध्ये **पाँच प्रतिशतले हुन आउने सीटमा** मात्र भर्ना लिइनेछ ।

१५) प्रवेश परीक्षाको समयावधि **३** घण्टाको हुनेछ ।

१६) प्रवेश परीक्षाको माध्यम अंग्रेजी वा नेपाली दुबै हुन सक्नेछ । तर **Creative Writing अनिवार्य रुपमा अंग्रेजी (English) भाषामा** मात्र लेख्नु पर्नेछ ।

१७) परीक्षार्थीहरुले उत्तरपुस्तिकामा **<u>कालो मसी मात्र</u>** प्रयोग गर्नु पर्नेछ । कालो मसी बाहेक आंशिक वा पुरा रुपमा अन्य रङ्को मसी वा सिसाकलम प्रयोग गरेको, कुनै संकेत भएको, वस्तुगत प्रश्नको उत्तरपुस्तिकामा तोकिएको कोष्ठमा तोकिएको रेजा चिन्ह ✓ वा टिक बाहेक अन्य चिन्ह प्रयोग भएको पाईएमा पुरै उत्तरपुस्तिका नै परीक्षण नगरि रद्द गरिनेछ ।

१८) बी.ए.एलएल.बी.को कक्षा सिमेष्टर प्रणाली अनुसार जम्मा १० (दश) सिमेष्टरमा दिवा समूहमा पूर्णकालीन रुपमा सञ्चालन हुनेछ । दिवा समुह भन्नाले नेपाल सरकारले तोकेको कार्यालय समय पुर्वान्ह **नौ बजेदेखि अपरान्ह पाँच बजे** (कार्तिक १६ गते देखि माघ १५ गते सम्म पुर्वान्ह **नौ बजे देखी अपरान्ह चार बजे**) सम्मको समयलाई जनाउनेछ ।

१९) प्रवेश परीक्षाको नतिजा प्रकाशित गर्दा परीक्षार्थीहरुले प्रवेश परीक्षामा हासिल गरेको अंकको योग्यताक्रम (Merit List) को आधारमा दावी गरेको कोटा समेत खुल्ने गरी सम्पूर्ण परीक्षार्थीहरुको प्राप्तांक सहितको **एउटै नामावली प्रकाशित गरिनेछ** र सो को जानकारी भर्नाको प्रयोजनका लागि सम्बन्धित क्याम्पसहरुमा पठाईनेछ ।

२०) प्रवेश परीक्षामा न्यूनतम ४०% अंक प्राप्त गरेका परीक्षार्थीहरुले मात्र आफूले अध्ययन गर्न चाहेको क्याम्पसमा तोकिएको मिति भित्र भर्नाको लागि सम्पर्क राख्नु पर्नेछ ।

२१) क्याम्पसहरुले प्राप्त हुन आएका आवेदनहरु मध्येबाट भर्नाका लागि **योग्यताक्रम (Merit List) प्रकाशित गर्दा प्रवेश परीक्षामा न्यूनतम ४०% अंक प्राप्त गरेका सबै आवेदकहरुको नामावली प्रकाशित गरी** सो को जानकारी भर्ना अगाडि नै तत्काल कानुन संकाय, डीनको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ । यसरी योग्यताक्रम (Merit List) प्रकाशित गर्दा प्रवेश परीक्षामा बराबर अंक ल्याउने विद्यार्थीहरुको योग्यताक्रम (Merit List) निम्नानुसार निर्धारण गर्नु पर्नेछ:

क) विषयगत प्रश्नहरुको उत्तरपुस्तिकामा बढी अंक प्राप्त गरेको आधारमा

ख) कक्षा ११ को प्राप्त GPA को आधारमा

ग) कक्षा ११ र १२ मा कानून विषय पढेका र अन्य विषय पढेका परीक्षार्थीको प्राप्ताङ्कको औसत बराबर भएमा कानून विषय पढेका परीक्षार्थीको प्राप्ताङ्क/Grade लाई प्राथमिकता क्रममा राखिनेछ

घ) कक्षा ११ र १२ को अंग्रेजी विषयमा प्राप्ताङ्कको औसत प्रतिशत/CGPA को आधारमा

ङ) एस.एल.सी./एस.ई.ई.मा प्राप्त कूल CGPA/प्रतिशत (%) को आधारमा

च) एस.एल.सी./एस.ई.ई.मा अंग्रेजी विषयको GPA/प्रतिशत (%) को आधारमा

२२) सम्बन्धित क्याम्पसहरुले आफूले भर्ना गरेका सम्पूर्ण विद्यार्थीहरुको विवरण भर्ना प्रक्रिया पूरा भएको मितिले १५ दिनभित्र अनिवार्य रुपमा डीनको कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

२३) कुनै क्याम्पसले नियमानुसार योग्यतक्रम प्रकाशित नगरेको वा भर्ना नगरेको कुराको उजुरी वा जानकारी डीन कार्यालयलाई प्राप्त हुन आएमा सो उपर छानबिन गर्ने र आवश्यक कारवाही गर्ने सम्पूर्ण अधिकार डीनको कार्यालयलाई हुनेछ । छानबिनबाट नियम विपरित योग्यतक्रम प्रकाशित गरेको वा भर्ना भए गरेको पुष्टि भएमा त्यस्तो योग्यतक्रम वा भर्ना स्वत: रद्द हुनेछ । यसरी नियम विपरित योग्यताक्रम प्रकाशित भएको भए सो सच्याई पुन: योग्यताक्रम प्रकाशित गर्न वा

भर्ना रद्द भई रिक्त हुन आएको स्थानमा नियमानुसार भर्नाका लागि डीनको कार्यालयले निर्देशन दिनेछ । भर्ना रद्द हुने विद्यार्थीले बुझाएको सम्पूर्ण शुल्क सम्बन्धित क्याम्पसले फिर्ता गर्नु पर्नेछ ।

२४) **त्रि.वि.छात्रवृत्ति र पुरस्कार तथा पदक सम्बन्धी कार्य निर्देशिका-२०७१ को परिच्छेद २ को नियम ४ (क) ३** बमोजिम यस संकाय अन्तर्गत वि.ए.एलएल.वी.कार्यक्रम सञ्चालन गरेका क्याम्पस/कलेजहरुले अनिवार्य रुपमा कुल विद्यार्थी संख्याको १०% निशुल्क छात्रवृत्ति **(Freeship)** प्रदान गर्नुपर्नेछ । साथै नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा वितरण हुने छात्रवृत्तिको प्रयोजनका लागि गरिने छनौटमा समेत यसै प्रवेश परीक्षालाई आधार मानिनेछ ।

२५) प्रवेश परीक्षा सम्बन्धी कुनै पनि विषयमा अन्तिम निर्णय लिने अधिकार प्रवेश परीक्षा समितिलाई हुनेछ ।

२६) प्रवेश परीक्षा तथा भर्ना सम्वन्धी अन्य विस्तृत जानकारी यस संकाय एवं सम्बन्धित क्याम्पसहरुबाट प्राप्त गर्न सकिनेछ ।

२७) परीक्षार्थीहरुले Online आवेदन फारमभर्नुपूर्व यो सूचना तथा आवेदन फाराममा निर्देशित गरिएका निर्देशनहरु ध्यानपूर्वक अध्ययन गरेर मात्र फारमभर्नु पर्नेछ ।

२८) Online आवेदन फारमभर्दा कुनै समस्या आएमा मोवाइल नम्बर **९७६७६५६३५६, ९७०१४३१३४३, ९७६७६५६३५४, ९७६७६५६३५५,९७६७६५६३५८** वा यस संकायको फोन सम्पर्क नं. **०१-५३३०५१६ वा ०१-५३२६५८६** मा कार्यालय समय भित्र सर्म्पक गर्न सकिनेछ ।

२९) यो सूचना www.fol.edu.np हेर्न सकिनेछ ।

**परीक्षार्थीहरुले ध्यान दिनुपर्ने कुराहरु**

- परीक्षार्थीहरुले उत्तरपुस्तिकामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ । कालो मसी बाहेक आंशिक वा पुरा रुपमा अन्य रङ्को मसी वा सिसाकलम प्रयोग गरेको, कुनै संकेत भएको, वस्तुगत प्रश्नको उत्तरपुस्तिकामा तोकिएको कोष्ठमा तोकिएको रेजा ✓ चिन्ह बाहेक अन्य चिन्ह प्रयोग भएको पाईएमा पुरै उत्तरपुस्तिका नै परीक्षण नगरि रद्द गरिनेछ ।
- परीक्षार्थीले परीक्षा अवधिभर आफ्नो प्रवेश पत्र अनिवार्य रुपमा साथमा राख्नु पर्नेछ । प्रवेश पत्र विना परीक्षार्थीलाई परीक्षामा बस्न दिइने छैन ।
- परीक्षा शुरु भएको आधा घण्टा पछि कुनै पनि परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन । साथै परीक्षा प्रारम्भ भएको एक घण्टा अगावै परीक्षार्थीले परीक्षा भवन छाड्न पाइने छैन ।
- परीक्षार्थीले तोकिएको सिटप्लान अनुसार निर्धारित स्थानमा बसी परीक्षा दिनु पर्नेछ । केन्द्राध्यक्ष वा निरीक्षकको अनुमति विना आफ्नो सिट स्वेच्छाले हेरफेर गर्न पाइने छैन ।
- परीक्षार्थीले परीक्षा भवनमा निषेधित वस्तुहरु (Mobile Phone, Calculator, Blutooth, I-Pad, Tablet PC, Earphones, Smart Watch) जस्ता कुनै पनि Electronic Digital उपकरणहरु ल्याउन पाउने छैन, यदि साथमा राखेको पाइएमा वा परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि व्यक्तिहरु उपर परीक्षार्थीले अभद्र व्यवहार गरेमा केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थी उपर तत्काल कारवाही गर्नुका साथै परीक्षा हलबाट तुरुन्त निष्काशन गर्न सक्नेछन् ।
- सरुवा रोगी, अस्वस्थ वा अपाङ्गता भएका परीक्षार्थीले परीक्षा प्रारम्भ हुनु भन्दा एक घण्टा अगावै आफ्नो वास्तविक परिस्थिति बारे केन्द्राध्यक्षलाई जानकारी गराउनुपर्नेछ ।
- **दृष्टिविहिन वा हातले लेख्न नसक्ने** परीक्षार्थी भएमा त्यस्तो परीक्षार्थीले लेख्ने काममा सहयोगी राख्न पाऊँ भनी त्रि.वि.संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० (संशोधन मिति २०८०।०३।१२) को नियम २६७ बमोजिम

**प्रवेश परीक्षा संचालन हुने मिति भन्दा एक दिन अगावै** आवश्यक परीक्षार्थीले **प्रवेश पत्र तथा नेपाली नागरिकताको फोटोकपी**, हालसालै खिचिएको प्रवेश पत्रसंग मिल्ने **पासपोट साइजको २ प्रति फोटो** र लेखन सहयोगी राख्ने व्यक्तिको **नागरिकता** तथा हालसालै अध्ययन गरी रहेको **परिचय पत्र** र हालसालै **खिचिएको फोटो २** प्रति समेतको कागजात राखी केन्द्राध्यक्ष समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

- **लेखन सहयोगी राख्ने निवेदन पत्र दिदा परीक्षा दिने तहभन्दा एक तह मुनिको व्यक्ति मात्र लेखन सहयोगीको लागि योग्य हुन सक्नेछ** । लेखन सहयोगीको लागि डीन कार्यालयले दिएको अनुमति पत्र परीक्षा हुने क्याम्पसको केन्द्राध्यक्षलाई **परीक्षा हुने समय भन्दा १ घण्टा अगाडी** पेश गर्नुपर्नेछ । यस्ता परीक्षार्थीलाई तोकिएको समय भन्दा **थप ३० मिनेट समय** दिइनेछ।
- उत्तरपुस्तिकामा सिम्बल नं नलेखि खाली छाडेमा त्यस्ता परीक्षार्थीको उत्तरपुस्तिका स्वतः रद्द हुनेछ ।

मितिः २०८३/०३/०४

त्रिभुवन विश्वविद्यालय
कानून संकाय
डीनको कार्यालय

(डा. नेवल चौधरी)
सहायक डीन एव संयोजक
प्रवेश परीक्षा संचालन समिति